# चौबिसे गाउँपालिका स्तरीय

## आधारभूत तह उत्तीर्ण वार्षिक परीक्षा २०८१

## अनिवार्य नेपाली

**कक्षाः ५** **पूर्णाङ्कः ५०** **समयः २ घण्टा**

***विद्यार्थीले उत्तर दिंदा सिर्जनात्मक र मौलिक हुनु पर्नेछ।***

१. दिइएका अर्थसंग मिल्दो शब्द खाली ठाँउमा लेख्नुहोस्। २

(विशेषज्ञ, प्रतिस्पर्धी, वृक्षरोपण, फूटवल, संस्कृति)

क. खाली जमिनमा रुख विरुवा रोप्ने काम ............................।

ख. भाषा, धर्म, वालचलनहो समग्र रुप ................................।

ग. एकले अर्कोलाई जित्ने प्रयत्न .......................................।

घ. कुनै विषयमा विशेष ज्ञान भएको व्यक्ति ............................।

२. खाली ठाँउमा कोष्टकबाट मिल्दो शब्द छानेर भर्नुहोस् - २

क. भाडाको उस्तै सुनिने शब्द .................. हो। (भार, भाँडा, काँडा)

ख. तँ धरानमा .................। (बस्छौ, बस्छिन, बस्छस्)

ग. फलफूलको समावेश्य शब्द .................. हो। (सायो, केरा, धनिया)

घ. 'आँट' को अर्थ दिने शब्द .................... हो। (हिम्मत, मौका, केटो)

३. अर्थ खुल्ने गरि वाक्यमा प्रयोग गर्नुहोस्- ३

मुसुक्क, प्रतियोगिता, धुमधाम

४. शब्द समूहबाट शुद्ध शब्द छानेर लेख्नुहोस्: २

क. अनुषासन, अनुशासन अनुसाशन, अनुशाषन

ख. पन्डित, पंडित, पण्डित, पम्डित

ग. चङ्ख, चंख, चम्ख, चञ्ख

घ. शुसान्त, सुशान्त, सुषान्त, षुशान्त

५. दिइएका वाक्यलाई शुद्ध पारी लेख्नुहोस्- २

मानीस ठूलो दीलले हून्छ जातले हूदैन।

६. रेखाङ्कित शब्दको पदबर्ग छुट्याउनुहोस् – २

<u>उनी</u> <u>रीतालाई</u> <u>राम्रो</u> उपहार दिदा रीता निक्कै खुली <u>भईन</u>।

७. जोडा मिलाउनुहोस् - २

| | |
|---|---|
| नामयोगी | किनभने |
| क्रियायोगी | ओहो |
| संयोजक | पढ्न |
| निपात | संग |
| | पो |

८. उपयुक्त विभक्ति राखी खाली ठाँउ भर्नुहोस् - २

क. राजु ......................... झोला किने। (ले, लाई, बाट)

ख. सीता धरान ................... घर आई। (का, बाट, लाई)

ग. उषा .................... बहिनी निकै चलाख छिन्। (रो, की, निम्ति)

घ. मायाघर ............. गाई पालिएको छ। (देखि, द्वारा, मा)

९. दिइएको संकेतको आधारमा वाक्य परिवर्तन गर्नुहोस् – ४

क. राजु विद्यालय जान्छ। (भुतकाल)

ख. भाइ विद्यालय जान्छ। (स्त्रीलिङ्ग)

ग. गाई जङ्गलमा चर्छ। (बहुबचन)

घ. कलमहरु राम्रा छन्। (एकबचन)

१०. दिइएका वाक्यलाई सङ्गति मिलाई लेख्नुहोस् – ४

क. राम परिश्रमी छे।

ख. तिमी बजार जान्छस।

ग. रमेश विद्यालय जान्छे।

घ. मेरो बहिनी आयो।

११. दुबै प्रश्नहको उत्तर लेख्नुहोस् – ४+४=८

क. दिइएको अनुच्छेद पढ्नुहोस् र उत्तर लेख्नुहोस्।

वनजङ्गल जनावरको मुख्य वासस्थान हो। जङ्गलमा विभिन्न प्रकारका जनावर र पन्छी वस्ने गर्छन्। जङ्गल धैरै प्राणीको घर हो। जङ्गली जनार र पशुपन्छीका लागि आहारा पनि जङ्गलमा नै पाइन्छ। कतिपय जनावरले रुखका पात र स्याउला खान्छन्। चराचुरुङगीले रुखका कलिला पात फुल र फल खान्छन्। यही जङ्गलले जङ्गली जनावरको गाँस र वासको व्यवस्था मिलाएको हुन्छ। जङ्गल जनावर र पन्छीका लागि मात्र होइन मान्छेका लागि पनि उपयोगी हुन्छ। मानिसले दाउरा घाँस आदि जङ्गलबाटै ल्याउछन्। घरका घरपालुवा जनावरलाई खुवाइन्छ। मानिसलाई चाहिने कतिपय फलफूल, कन्दमुल, वनमा नै पाइन्छ। यसरी हेर्दा जङ्गल मान्छेको जीवन चलाउनका लागि धैरै कुरा दिएको हुन्छ।

प्रश्नहरु

अ. मानिसलाई जङ्गल किन चाहिन्छ?

आ. पशुपन्छीको आहारा कहाँ पाइन्छ?

इ. जङ्गलबाट मानिसले के फाइदा लिन्छन्?

ई. जङ्गलले जनावरको के के व्यवस्था गरेको छ?

ख. दिइएको निवन्धको अंश पढ्नुहोस् र उत्तर लेख्नुहोस् -

स्वास्थ्य प्रति सचेत व्यक्तिलाई प्रदुषित पदार्थबाट जोगिनुपर्छ भन्ने ज्ञान हुन्छ। उसले विषादी नहालेको शुद्ध खाद्यान्नको खोजी गर्छ। ऊ अखाद्य वस्तुको पहिचान गर्छ र तिनको सेवनबाट जोगिन्छ। उसले तनावलाई हटाउछ र आफ्नो दैनिकीलाई सधै व्यवस्थित तुल्याउछ। हामी सबैको चाहाना पनि

स्वास्थ्यको ख्याल राख्न हो । स्वास्थ्य विग्रिन नदिनु हो । हामीलाइ थाहा छ अस्वस्थ्य हुनुहुदैन । अस्वस्थताको कल्पना सम्म पनि गर्न हुदैन । अस्वस्थ हुनु भनेको शक्ति, जागर र इच्छा गुमाउनु हो । शरीरको फूर्तिलोपन र मनको खुसीयाली मेटाउन हो । वास्तपमै अस्वस्यताबाटै जीवनमा हरेक प्रगति रोकिन्छ । स्वास्थ रहनका लागि हामीले आफ्नो दैनिकीलाई व्यवस्थित राख्नुपर्छ । विहान देखि बेलुका सम्मका हाम्रा काम गर्ने तरिका स्धार्नु पर्छ । हामीले रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नै नदिनु हुदैन । यसरी हाम्रो जीवनशैलीलाई नै परिवर्तन गर्न सक्छौ ।

प्रश्नहरु

अ. मानिसले आफ्नो दैनिकी कस्तो बनाउनु पर्छ ?

आ. हामीले स्वस्थ रहन के गर्नुपर्छ रु

इ. मानिसले कस्तो खाद्यन्नको खोजी गर्छ ?

ई. कस्तो अवस्थालाई अस्वस्थ हुनु भनिन्छ ?

१२. कुनै एक प्रश्नको आशय वर्णन गर्नुहोस् - ४

क. परिश्रमी हातहरु सिर्जनाका खानी सिर्जनामै रमाउने प्यारो जिन्दागानी

ख. आफु जन्मेको ठाँउ, आफु जन्मिएको मुलुक नै जन्मभुमि हो ।

१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् – ३

क. आफ्नो पढाइको बारे बताउदै सल्लेरी प्रा.वि. साथीलाई एउटा चिठी लेख ।

ख. आउदो नयाँ वर्ष २०८२ को उपलक्ष्यमा आफ्नो मिल्ने साथीलाई दिने एउटा शुभकामना पत्र तयार पार्नुहोस् ।

१४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् – ५

क. दिइएका बुँदाका आधारमा मिल्दो शिर्षक दिई कथा लेख्नुहोस्

ठुलो आँपको बगैचा हुनु ................ सबै रुखमा लटरम्म आँप पाक्नु .................. विद्यालय छुट्टि भएपछि विद्यार्थी आँपघारीमा पस्नु ................ आँपको रुखमा चड्न गाह्रो हुनु ................... भुईमा एउटा दाउरा भटिनु ........... आए आँप गए झटारो भन्दै एक जनाले झट्टिले रुखमा हान्न ....................... झट्टिले लागेर आँपको हाँगा भाँचिनु ............ अचानक रोएको आवाज आउनु ............ आवाजमा रुखको कारुणिक स्वर सुनिनु............... रुखले गुनासो गर्नु ............. यस्तो आवाज सुनेर विद्यार्थी डराउनु ............. केहिबेरमा बन्द हुनु ................ विद्यार्थी आँपको रुख सँग माफी माग्नु .................. माफी माग्नेवितिक्कै पाकेको आँप आफै झर्नु .............. विद्यार्थी खुसी हुनु ।

ख. दशैको रमाइलो शीर्षकमा दुइजना विचको सम्वाद पुरा गर्नुहोस् ।

रतन : भोलि त घटस्थापना पो हो त रुविना ?

रुविना : .................................................

रतन : यसपालीको दशैमा के गर्छेउ ?

रुविना : .................................................

रतन : टिकामा कमाएको पैसा के गर्छेउ ?

रविना : ...........................................

रतन : ...........................................

रुविना : ...........................................

रतन : ...........................................

रुविना : ...........................................

रतन : ...........................................

१५. कुनै एक शीर्षकमा १०० शब्द नघटाइ निवन्ध लेख्नुहोस् – ५

क. समयको सदुपयोग

ख. मलाई मन पर्ने ठाँउ

ग. स्वास्थ्य जीवनको महत्व

-0-